नीति पत्र

संस्करण १, अंक ९, आश्विन २०७०

# निर्वाचन सुरक्षा र यसका चुनौतीहरू

Nepal Institute for Policy Studies (NIPS)

♦ परिचय ♦ निर्वाचन हिंसाका केही परिभाषा ♦ नेपालमा निर्वाचन हिंसाको इतिहास

♦ आगामी संविधान सभा निर्वाचनका सुरक्षा चुनौती ♦ एकीकृत निर्वाचन सुरक्षा योजना

♦ सरकार, निर्वाचन आयोग र सुरक्षा निकायको भूमिका

♦ निर्वाचन आयोगको आचारसंहिता ♦ निष्कर्ष ♦ सुझाव

## १.परिचय

आवधिक निर्वाचन आधुनिक लोकतान्त्रिक प्रक्रियामा जनताले आफ्ना प्रतिनिधि चुन्ने एक महत्वपूर्ण सार्वभौम र प्रजातान्त्रिक अभ्यास हो जसले लोकतान्त्रिक संस्थालाई सुदृढ बनाउनुका साथै शान्तिपूर्ण रुपमा सरकार परिवर्तन गर्न सहयोग पुऱ्याउँछ।[1] निर्वाचनलाई प्रजातन्त्रको सफलताको महत्वपूर्ण सूचकको रुपमा लिइएपनि प्रजातान्त्रिक मुलुकका राजनीतिज्ञहरुले हिंसालाई प्रायः निर्वाचन अस्त्रको रुपमा प्रयोग गर्ने गरेका छन्। राजनीतिशास्त्रीहरुले निर्वाचनले देशमा राजनीतिक ध्रुवीकरण बढाउने र कानुनी शासनको सम्मान बिना मानवअधिकारको दुरुपयोग भएर लोकतान्त्रिक मुलुकका राजनीतिज्ञहरुले निर्वाचनमा हिंसात्मक रणनीति अवलम्बन गर्न सक्ने तर्क गरेका छन्।[2] निर्वाचनलाई सरकार परिवर्तनको स्वभाविक प्रक्रियाको रुपमा परिभाषित गरिन्छ । यस प्रक्रियामा दलहरुको लोकप्रियता र समर्थन हाँसिल गर्नका लागि सामाजिक असमानता जस्ता विषयहरु उजागर हुन्छन्। त्यसैले यस्तै विषय र सन्दर्भबाट हिंसात्मक अन्तरक्रियाको सुरुवात हुन्छ । निर्वाचनको सङ्घारमा उम्मेद्वारले निर्वाचन जित्न अतिवादी समूहको परिचालन गर्छन् । आफ्नो वर्चस्व कायम राख्न प्रतिस्पर्धी दल र समूहले प्रतिस्पर्धीलाई कमजोर बनाउन खोज्दा निर्वाचन सुरक्षामा चुनौती थपिन्छ । यदि उक्त चुनौतीहरुको उचित व्यवस्थापन गरिएन भने निर्वाचन हिंसान्मुख हुन्छ ।

नेपालमा स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउन सरकारको ध्यानाकर्षण गर्न निर्वाचन सुरक्षा सम्बन्धी बहस हुनु आवश्यक छ । नेपालमा विगतमा भएका निर्वाचनमा विभिन्न स्वरुपका हिंसा र धाँदलीका स्वरुपहरु देखिएका थिए । नेपालमा २०१५ मा भएको पहिलो संसदीय निर्वाचनदेखि विगत २०६४ को संविधानसभा निर्वाचनमा निर्वाचन हिंसा प्रमुख चुनावीको रुपमा देखिएको थियो । कुनैपनि देशमा निर्वाचन शान्तिपूर्ण, स्वतन्त्र र निष्पक्ष ढङ्गले सम्पन्न गर्न निर्वाचन सुरक्षाको प्रत्याभूति अपरिहार्य छ।

यस नीति पत्रमा आगामी निर्वाचनमा हुन सक्ने निर्वाचन सम्बन्धी हिंसालाई कसरी न्यूनीकरण गर्ने भन्ने सम्बन्धमा नेपाल सरकार, निर्वाचन आयोग र सुरक्षा निकायलाई नीतिगत मार्गदर्शनमा जोड दिइएको छ । नीति पत्रलाई पाँच खण्डमा विभाजन गरिएको छ। पहिलो खण्डमा नेपालको निर्वाचन हिंसाको इतिहासको सारांश, दोस्रोमा सबै प्रकारका निर्वाचन सुरक्षा चुनौतीको पहिचान, तेस्रो खण्डमा एकीकृत निर्वाचन सुरक्षा योजनाको आवश्यकतामा जोड, चौथो खण्डमा सरकार, निर्वाचन आयोग र सुरक्षा निकायको उचित भूमिका र जिम्मेवारी र अन्तिम तथा पाँचौं खण्डमा निर्वाचन सुरक्षाका लागि केही महत्वपूर्ण सुझावहरुलाई समेटिएको छ ।

## २. निर्वाचन हिंसाका केही परिभाषा

इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टम (आइएफइएस) का अनुसार कुनैपनि व्यक्तिलाई शारीरिक वा मानसिक रुपमा वाधा पुग्ने कार्य वा धम्की, धन-सम्पत्तिमा क्षति, निर्वाचन प्रक्रियामा प्रत्यक्ष रुपमा संलग्न व्यक्ति (मतदाता, उम्मेद्वार, पार्टी कार्यालय, निर्वाचन कर्मचारी, पर्यवेक्षक र पत्रकार लगायत) लक्षित तथा निर्वाचन प्रक्रिया प्रभावित गर्न खोज्ने प्रयास वा प्रभावित गर्न सक्ने गतिविधि निर्वाचन हिंसा हो । त्यसै

१ यूग्याग्बे, टी.बी. (२०१०), इलेक्टोरल भ्वाइलेन्स इन नाइजेरिया : इम्प्लिकेसन्स् फर सेक्युरिटी, पिस एण्ड डेभेलपमेन्ट www.monitor.upeace.org. ।

२ कोलियर पी. र भिसेन्टी पी.सी., (२०१२) 'भ्वाइलेन्स, ब्राइबरी एण्ड फ्रड : दी पोलिटिकल इकोनोमी अफ इलेक्सन इन सब-सहारान अफ्रिका' । पब्लिक च्वाइस, अङ्क १५३ ।

ले निर्वाचनलाई प्रभाव पार्ने अभिप्रायले निर्वाचनको समयमा असभ्य भाषाको प्रयोग, मौखिक धम्की, प्रलोभन, हतियार, आगजनी र हत्यालाई निर्वाचन हिंसाको रुपमा व्याख्या गर्न सकिन्छ ।[३] राजनीतिक हिंसाको शिकार अन्ततः मानिस, स्थान, वस्तु तथा तथ्याङ्क नै हुने गर्दछन् । यूग्याग्बेले शारीरिक क्षति (हत्या, यातना र आक्रमण), धम्की (शारीरिक, मौखिक, सम्पत्तिको विनास गरिदिने धम्की), आगजनी, विस्फोटक पदार्थबाट सम्पत्तिको क्षति, जबर्जस्ती विस्थापन र मतपेटिका जफत गर्ने कार्यसँग सम्बन्धित सबै कार्यलाई निर्वाचन हिंसाको रुपमा लिएका छन् ।[४] निर्वाचन हिंसाले लगानीकर्तालाई भयभित बनाएर विकास निर्माण प्रक्रियालाई पछाडि धकेल्छ र समग्र देशको विकासमा नकारात्मक प्रभाव पार्छ ।[५] निर्वाचन हिंसाको मुख्य उद्देश्य निर्वाचन प्रक्रियालाई प्रभावित गरेर हिंसा मार्फत वा राजनीतिक विरोधीहरुलाई कमजोर बनाएर निर्वाचन र प्रजातान्त्रिक प्रक्रियालाई समाप्त गरी निर्वाचनमा विजयी हुनु वा शक्ति प्राप्त गर्नु हो ।[६] संक्षेपमा, निर्वाचनमा हुने हिंसाले लोकतान्त्रिक प्रणालीमा कानुनी शासनको विश्वसनियतालाई कमजोर बनाएर राष्ट्रको अस्तित्वमा गम्भीर प्रभाव पार्छ ।

निर्वाचनका सरोकारवाला (मतदाता, उम्मेद्वार, निर्वाचन अधिकृत, सञ्चारकर्मी, प्रर्यवेक्षक र निर्वाचन परिणाम, दर्ता तथ्याङ्क, अभियान सामग्री र निर्वाचन सामग्री लगायतका निर्वाचनसम्बन्धी सूचना) र निर्वाचन सेवा जस्तै, मतदान स्थल, मतगणना स्थल र मृत्यु, विनास र अवरोध जस्ता गतिविधिको विरोधमा आयोजित चुनावी कार्यक्रममा सुरक्षा प्रदान गर्ने कार्यलाई निर्वाचन सुरक्षाको रुपमा परिभाषित गर्न सकिन्छ ।[७] निर्वाचन आयुक्त, सुरक्षा निकाय, राजनीतिक दल, सञ्चार माध्यम, नागरिक समाज र न्यायिक सेवाका पदाधिकारी निर्वाचन सुरक्षाका मुख्य साझेदान हुन् ।

## ३. नेपालमा निर्वाचन हिंसाको इतिहास

नेपालमा निर्वाचनको इतिहास धेरै लामो छैन। २०१५ मा पहिलो पटक संसदीय निर्वाचन भएको थियो। त्यसपछि २०६४ को चैतमा भएको संविधान सभाको निर्वाचन समेत गरेर थप चारवटा निर्वाचन भएका छन्। २०१५ को आम निर्वाचनबाट निर्वाचित संसद र सरकारलाई तत्कालीन राजा महेन्द्रले अपदस्थ गरी राजाको सक्रिय नेतृत्वमा निरङ्कुश पञ्चायती शासन व्यवस्थाको स्थापना गरियो । यद्यपि पञ्चायती शासन व्यवस्था अन्तर्गत अनियमित आवधिक निर्वाचन भएपनि उक्त निर्वाचनहरु स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न भएनन् । २०४६ मा प्रजातन्त्रको पुनर्स्थापना भएपछि २०४७ मा दोस्रो संसदीय निर्वाचन भएको थियो ।[८] २०४७ को वैशाखमा भएको निर्वाचनको पर्यवेक्षण ६ राष्ट्रिय पर्यवेक्षण समूहले गरेका थिए। उक्त निर्वाचनमा निर्वाचन हिंसाको कारणले १० जना नेपाली नागरिकले ज्यान गुमाएका थिए । ७५ जिल्ला मध्ये २३ जिल्लामा निर्वाचन हिंसाका कारण पुनः मतदान भएको थियो ।

३ फिसर, जेफ., (२००२) । 'इलेक्टोरल कन्फ्लिक्ट एण्ड भ्वाइलेन्स - अ स्ट्राटेजी फर स्टडी एण्ड प्रिभेन्सन्सन', प्रोसिडिङ अफ दी आइएफइएस, ह्वाइट पेपर कन्फरेन्स, वासिङ्टन, डीसी ।

४ बम्फो, एन. (२००८) । 'इलेक्टोरल भ्वाइलेन्स इन अफ्रिका : अ कन्टिनेन्टज सफ्ट पोलिटीकल अन्डरबेल्ली', प्रोसीडिङ अफ दी जर्जिया पोलिटीकल साइन्स एसोसियसन कन्फरेन्स, भल्डोस्टा स्टेट युनिभर्सिटी ।

५ यूग्याग्बे, टी.बी. (२०१०), 'इलेक्टोरल भ्वाइलेन्स इन नाइजेरिया : इम्प्लिकेसन्स् फर सेक्युरिटी, पीस एण्ड डेभलपमेन्ट' ।

६ मुहम्मद, ए. वाई. (२०१०) 'युथ भ्वाइलेन्स इन नाइजेरियाज फोर्थ रिपब्लिक :इम्प्लिकेसन्स् फर ह्युमन डेभलपमेन्ट इन दी २१ सेन्चुरी', डिपार्टमेन्ट अफ सोसियोलोजी, युनिभर्सिटी अफ इलोरिन, नाइजेरिया ।

७ फिसर, जे । माथि उद्धृत ।

८ स्लाभू, काटिन्का (२०१२) । 'दी २००८ कन्स्टिचुएन्ट एसेम्ब्ली इलेक्सन : सोसियल इन्कलुजन फर पिस' इन नेपाल इन ट्रान्जिसन फ्रम पिपुल्स् वार टू फ्रजाइल पिस (सं) डेभिड एम मेलोन, सेभिस्टियन भोन इन्सिडेल र सुमन प्रधान, न्युयोर्क : कयाम्ब्रिज युनिभर्सिटी प्रेस, पृ २३३ ।

विशेष निर्वाचन अदालतमा दायर भएका २९ वटा मुद्दा मध्ये १९ वटा मुद्दामा केही मतदान स्थलमा मतदान बदर गर्न माग गरिएको थियो भने बाँकी १० मा धाँधली भएको आरोप लगाइएको थियो ।[९] २०५१मा भएको मध्यावधी निर्वाचनमा राजनीतिक दलले आचारसंहिता उल्लङ्घन, मतपेटिका कब्जा गर्नुका साथै पार्टी कार्यकर्ताको अनाधिकृत प्रवेशका कारण थप निर्वाचन हिंसाका घटना भए ।[१०] २०५६ को निर्वाचनमा पनि निर्वाचन हिंसाका घटना उल्लेख्य रहे । वास्तविक घटनाको सङ्ख्या प्रकाशमा आए भन्दा धेरै भएको देखिन्छ । त्यतिबेला निर्वाचन घटनाको विवरण सङ्कलन गर्ने कुनै संस्थाहरु नै थिएनन् । विवरण सङ्कलनका लागि स्तरीय विधि अपनाइएको थिएन भने धेरै घटनाहरु मतदान स्थलभन्दा टाढा भएकाले सीमित सङ्ख्यामा खटिएका पर्यवेक्षकको जानकारीमा आएनन् ।[११] यसले के देखाउँछ भने 'निर्वाचनको प्रतिस्पर्धामा रहेका राजनीतिक दलहरु शासनका लागि लोकप्रिय विधि र प्रक्रियालाई भन्दा प्रतिस्पर्धालाई सङ्घर्ष बनाएर सत्तामा पुग्ने महत्वकाङ्क्षा पुरा गर्नका लागि हिंसा लगायतका अस्वस्थ प्रक्रिया अवलम्बन गर्न हिच्किचाएका छैनन् ।'[१२] यसबाट नेपालका राजनीतिक दलहरुले निर्वाचनमा विजयी हुनका लागि विभिन्न हिंसात्मक उपाय अवलम्बन गरेको देखिन्छ । ध्रुव कुमार कुनै पार्टी विशेषले मतपेटिका कब्जा गर्ने र आफ्नो पक्षमा मतदान गर्ने, नक्कली मतदाताको प्रयोग गर्ने, प्रलोभन देखाएर तथा गुण्डाहरुको सहयोग लिई मतदाताहरुलाई आफ्नो पक्षमा मतदान गर्न वाध्य पार्ने लगायतका प्रयासहरु गर्ने गरेको तर्क गर्छन् ।[१३] उनले बहुदलीय प्रतिस्पर्धाको अभ्यासले नेपालमा नैराश्यता र वितृष्णा देखिएको तथ्यलाई उजागर गरेका छन् । लोकतन्त्रलाई परिभाषित गर्ने एक मात्र अभ्यास निर्वाचन भएकाले २०४६ पछि भएका निवार्चनलाई पछिल्ला दुई दशकमा सम्पूर्ण नेपाली राजनीतिमा देखिएको वितृष्णा र असन्तोष सम्बन्धी अध्ययन सामग्रीका रुपमा अध्ययन गर्न सकिन्छ।

२०६४ को संविधानसभा निर्वाचन भन्दा पहिले कार्टर सेन्टरले 'योङ कम्युनिष्ट लिग (वाइसिएल) चन्दा सङ्कलन, धम्की र हिसांत्मक गतिविधिमा संलग्न' भएको प्रतिवेदन प्रकाशित गरेको थियो ।[१४] थुप्रै मानवअधिकार वादी सङ्घसंस्थाहरुले वाइसिएएललाई एक 'भिजलन्ते–शैली' को समूह भएको र नियमितरुपमा कुटपिट, अपहरण, चन्दा सङ्कलनदेखि हत्यासम्मका अपराधमा संलग्न रहेको सङ्गठनको रुपमा ब्याख्या गरेका थिए ।[१५] ह्युमन राइट्स वाचले सार्वजनिक गरेको विवरणअनुसार 'वाइसिएलले फरक विचार राख्ने राजनीतिक पार्टी, पत्रकार, लागु औषध दुर्व्यसनीमा आरोपित र विहेत्तर सम्बन्ध राखेको आशङ्कामा धेरैलाई कार्वाही गरेकों थियो ।'[१६] २०६४ को संविधानसभा निर्वाचनमा देशका ७५ वटै जिल्लामा निर्वाचन आचारसंहिताको अनुगमन गरेको राष्ट्रिय पर्यवेक्षण समिति (नियोक) ले राजनीतिक पार्टीले आधुनिक हतियार, हत्या, अपहरण, ज्यान मार्ने धम्कीलाई मुख्य हतियारको रुपमा प्रयोग गरेको उल्लेख गरेको थियो ।[१७]

९ इन्टरनेशनल फाउन्डेसन फर इलेक्टोरल सिस्टमस्, 'किङडम अफ नेपाल : पार्लियामेन्टरी इलेक्सन्स' । वासिङ्टन डीसी । वैशाख २९, २०४८ ।

१० बराल, लोकराज (१९९५) । 'दी १९९४ नेपाल इलेक्सन्सः इमर्जिङ ट्रेन्ड्स इन पार्टी पोलिटिक्स'। एसियन सर्भे ३५, नं ५।

११ कुमार, ध्रुब. (२०१०) । इलेक्टोरल भ्वाइलेन्स एण्ड भोलाटाइलिटी इन नेपाल । काठमाण्डौं: बज्र पब्लिकेशन्स ।

१२ पूर्वउल्लेखित ।

१३ पूर्वउल्लेखित ।

१४ दी कार्टर सेन्टर २०११, 'पोलिटीकल पार्टी युथ विङस् इन नेपाल' । दी कार्टर सेन्टर वेभसाइट । २८ फेब्रुअरी

१५ ह्युमन राइट्स वाच प्रतिवेदन २००९, नेपाल ।

१६ पूर्वउल्लेखित ।

१७ राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक), (२००८) । पर्यवेक्षण विस्तृत प्रतिवेदन, संविधान सभा निर्वाचन, २००८ ।

अर्को निर्वाचन पर्यवेक्षक संस्था डेमोक्रेसी एण्ड इलेक्सन एलाइन्स नेपाल (डिन) ले निर्वाचन हिंसाबारे सार्वजनिक गरेको विस्तृत प्रतिवेदनअनुसार '४८५ वटा राजनीतिक र निर्वाचन हिंसाका घटनामा ५० जना नागरिकको मृत्यु, १२८६ घाइते र ११६ जनाको अपहरण भएको थियो।'[१८] डिनको प्रतिवेदनले निर्वाचनको मिति नजिकिँदै जाँदा हिंसा बढेको उल्लेख गर्दै निर्वाचन हुने करिब २ हप्ताको अवधिमा १४५ हिंसाका घटना भएको उल्ल्ेख गरेको छ । तराईमा निर्वाचन पूर्व '७९ वटा राजनीतिक हिंसाका घटना (७२ निर्वाचन पूर्व र ७ निर्वाचन लगत्तै) र ४०६ निर्वाचन हिंसा (२५९ निर्वाचन पूर्व र १२२ निर्वाचनको दिन र निर्वाचनपछि २५ घटना)' घटेको उल्लेख गरिएको छ।[१९] राजनीतिक हिंसा तराइमा केन्द्रित थियो भने निर्वाचन सम्बन्धी हिंसा देशभर भएको थियो। यसले 'कुल मध्ये ६२ प्रतिशत हिंसाको सुरुवात राजनीतिक समूह (पार्टी कार्यकर्ता, दल सम्बद्ध समूह र नेता/कार्यकर्ता) बाटै भएको तथ्याङ्क सार्वजनिक गरेको छ । त्यसैगरी पीडितमध्ये ५१ प्रतिशत राजनीतिक दलका नेता/कार्यकर्ता थिए।[२०] मतदानको दिन सबैभन्दा बढी पीडित हुनेमा ३६ प्रतिशत निर्वाचन सामग्री, निर्वाचन अधिकृत अथवा सम्पूर्ण निर्वाचन प्रक्रिया नै थिए, जसमध्ये ३२ प्रतिशत मतपेटिका, सामग्री वा प्रक्रिया र ४ प्रतिशत निर्वाचन अधिकृत हिंसाको शिकार भएका थिए । निर्वाचन पछिको अवधिमा भएका राजनीतिक र निर्वाचन हिंसामा पीडित हुनेको सूचीमा दलहरु नै (६३ प्रतिशत) प्रमुख थिए।[२१] प्रतिवेदनमा उल्लेख भए अनुसार सबै प्रकार का घटना मध्ये ३१ प्रतिशत घटना भौतिक क्षति र यातना मुख्य हिंसाका घटनाका रुपमा रहेका थिए । दोस्रोमा शारीरिक हानि बाहेकका घटना (धम्की, मनोवैज्ञानिक दूर्व्यवहार, अपशब्दको प्रयोग र आक्रमणको धम्की) का घटना २५ प्रतिशत भएका थिए। राजनीतिक र निर्वाचन हिंसाको प्रक्रिया भने निकै फरक थियो । राजनीतिक हिंसाका लागि बम तथा विस्फोटक पदार्थ (२६ प्रतिशत), बन्दुक र हातहतियार (२० प्रतिशत) लाई मुख्य विधि बनाइएको थियो । निर्वाचन हिंसामा सबैभन्दा बढी हातपात र अन्य शारीरिक आक्रमण (३६ प्रतिशत) र ढुङ्गामुढा (२१ प्रतिशत) जस्ता गतिविधि अपनाइएको थियो ।[२२]

२०६४ को संविधानसभा निर्वाचनको अवधिमा देशभर भएका हिंसाका घटना, उक्त घटनाहरुमा हाताहात भएकाहरुको सङ्ख्या र जनता तथा मतदाताहरुमा फैलिएको त्रासका आधारमा राजनीतिक तथा निर्वाचन हिंसाको अवस्थाा गम्भीर थियो । तथापि, २०६४ को संविधानसभा निर्वाचनलाई सम्पूर्ण शान्ति प्रक्रियाको अभिन्न अङ्गका रुपमा हेर्ने हो भने यसले शक्ति सङ्घर्षलाई हिंसात्मक द्वन्द्वबाट शान्तिपूर्ण राजनीतिक प्रक्रियामा रुपान्तरण गर्न सहयोग गरेको थियो। अस्थिर एवम् सङ्क्रमणकालीन घडीमा निर्वाचन गर्नु निकै चुनौतीपूर्ण थियो। तर निर्वाचन सफलतापूर्वक सम्पन्न भयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुले उक्त निर्वाचनलाई 'नेपालको शान्ति प्रक्रियालाई जोड्ने र नयाँ राजनीतिक सहमतिको मार्ग प्रशस्त गर्ने अवसर को रुपमा' विश्लेषण गरेका थिए ।[२३] एकीकृत नेकपा (माओवादी) ले कुल ६०१ मध्ये ३६.६ प्रतिशत सीट जित्यो । समग्रमा संविधान सभाको परिणाम महिला, आदिवासी-जनजाति, दलित, धार्मिक अल्पसङ्ख्यकको उल्लेखनीय सहभागिताका कारण विगतको भन्दा धेरै प्रतिनिधिमुलक र समावेशी थियो। उक्त निर्वाचन परिणामले नेपालको शक्ति सन्तुलन मौलिक परिवर्तन गऱ्यो र अल्पसङ्ख्यक, सीमान्तकृत र उत्पीडित

१८ डेमोक्रेसी एण्ड एलेक्सन एलाइन्स नेपाल (डिन) पूर्ण प्रतिवेदन । (२००८) । पोलिटीकल/इलेक्सन भ्वाइलेन्स एडुकेसन एण्ड रिजोलुसन (पी/इभिइआर) परियोजना ।
१९ पूर्वउल्लेखित ।
२० पूर्वउल्लेखित ।
२१ पूर्वउल्लेखित ।
२२ पूर्वउल्लेखित ।
२३ स्लाभू, काटिन्का । माथि उद्धृत । पृ २४७-२५३ ।

समुदायलाई राजनीतिक मूलप्रवाहमा स्थापित गऱ्यो । तर प्रतिनिधिमुलक रहेको संविधानसभाले नयाँ संविधान जारी गर्न सकेन । राज्यको पुनर्संरचना, शासकीय स्वरुप, निर्वाचन प्रणाली, न्याय प्रणाली जस्ता विषयमा धेरै बहस भएपनि दलहरु बीच सहमति भएन । त्यसै ले उक्त जटिल विषयहरुमा सहमति नभएकाले नयाँ संविधान जारी हुन सकेन र अन्ततः संविधान सभा नै विघटन भयो । २०६९ जेठमा संविधान सभा विघटन भएपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्ने कार्यमा अनिश्चितता थपिएको छ। आउँदो मङ्सिरमा हुने भनिएको संविधान सभा निर्वाचनले देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने प्रक्रिया र लोकतान्त्रिकरणको कार्यसूची दुवैको भविष्य निर्धारण गर्नेछ ।

## ४. आगामी संविधान सभा निर्वाचनका सुरक्षा चुनौती

### ४.१ निर्वाचन बहिष्कार

केही राजनीतिक दलहरुले आगामी संविधानसभा निर्वाचनलाई बिथोल्ने धम्की दिइरहेका छन् । ती मध्ये मोहन बैद्य नेतृत्वको नेकपा-माओवादी प्रमुख निर्वाचन विरोधी शक्तिको रुपमा देखिएको छ। नेकपा-माओवादीले औपचारिक रुपमै निर्वाचन बहिष्कार गर्ने घोषणा गरेको छ, जसअनुसार निर्वाचन असफल बनाउन आफ्नो सम्पूर्ण शक्ति देशभर परिचालन गर्ने यो जना समेत सार्वजनिक गरिसकेको छ।[२४] यस अतिरिक्त नेकपा-माऐवादीका महासचिव रामबहादुर थापा 'बादल'ले सार्वजनिक कार्यक्रममार्फत नमूना मतपेटिका फुटाएर संविधानसभा विरुद्ध 'देशव्यापी अभियान' को सुरुवात गरिसकेका छन् । यस्ता निर्वाचन विरोधि गतिविधिले निर्वाचन आयोगको ध्यानाकर्षण गरिसकेको भएपनि भविष्यमा यस्ता गतिविधि रोक्न र निर्वाचनका लागि अनुकुल वातावरण सिर्जना गर्न आग्रह गर्ने बाहेक आयोग आफैं भने यस्ता गतिविधि नियन्त्रण गर्न निरीह देखिएको छ ।[२५] निर्वाचनविरोधी राजनीतिक शक्तिहरुले निर्वाचन बिथोल्छन् कि भन्ने सबैमा त्रास छ। प्रहरी महानिरीक्षक कुवेर सिंह रानाा टिप्पणी गर्छन् - 'आजका मितिसम्म साना हातहतियार र क्षेत्रीय समूहहरुले राजनीतिमा उपस्थिति जनाएका छन् । यसबाहेक, केही दलहरुले निर्वाचन बहिष्कार गर्ने घोषणा गरेका छन् । यी सबै पक्ष मिले को खण्डमा भने हामीलाई निर्वाचनको समयमा शान्ति सुरक्षा कायम गर्न कठिनाई हुन सक्छ' ।[२६] त्यसैले निष्पक्ष र स्वतन्त्र निर्वाचनका लागि राजनीतिक सहमति र नेकपा-माओवादी सहितका सबै राजनीतिक शक्तिहरुलाई निर्वाचनमा सहभागी गराएमा निर्वाचन हिंसा न्यूनीकरण गर्न सकिन्छ । आगामी निर्वाचनमा नेकपा-माओवादी सुरक्षा निकायका लागि ठूलो चुनौती हुनेछ। निर्वाचनका बेला हुन सक्ने कुनै पनि प्रकारको हिंसालाई निस्तेज पार्न कस्तो संयन्त्र आवश्यक छ भन्ने स्पष्ट निर्देशन नहुनुले समेत यस प्रकारको चुनौती विद्यमान छ । त्यसैले यदि नेकपा-माओवादीले घोषणा गरे बमोजिम निर्वाचन बहिष्कारको नीति अवलम्बन गरेमा कस्तो रणनीति अख्तियार गर्ने भन्ने सम्बन्धमा सुरक्षा निकायहरुलाई निर्वाचन सुरक्षा योजनामा स्पष्ट मार्गनिर्देशन हुनुपर्छ ।

### ४.२ तराईका सशस्त्र समूहको चुनौती

तराईका सशस्त्र समूह निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउने सन्दर्भमा ठूलो चुनौती हुनेछन् । निर्वाचन वहिष्कारलाई प्रभावकारी बनाउन उनीहरुका बीचमा संयुक्त मोर्चा बनाउने निर्णय उनीहरुले गरिसकेका छन् ।[२७] उनीहरुले मधेशका केही

२४ पुन, किरण । 'सीपीएन माओइस्ट टु ब्वाइकट पोल्स विथ फुल फोर्स' । रिपब्लिका । जेठ १३, २०७० ।
२५ अन्सारी, गनी । 'इसी इन्सट्रक्टस् गभर्नमेन्ट टु स्टप एन्टि इलेक्सन एक्टिभिटिज' । रिपब्लिका । साउन १४, २०७० ।
२६ 'राजनीति र अपराधबीच स्पष्ट भिन्नता हुनुपर्छ' । प्रहरी महानिरीक्षक कुवेर सिंह रानासँग गरिएको कुराकानी । असोज २६, २०६९ ।
२७ '१२ तराई आउटफिट युनाइट टू फ्वाइल नोभेम्बर पोल्स' । दी काठमाण्डौं पोष्ट । असार २०, २०६९ ।

प्रमुख नेताहरुलाई निशाना बनाउने तयारी गरिरहेका छन्। सशस्त्र समूहले तराईमा राजनीतिक पार्टीले गरेका कार्यक्रमहरु बहिष्कार गर्ने निर्णय गरेका छन्। त्यसैले सशस्त्र समूहले हिंसात्मक गतिविधिको आडमा निर्वाचन विथोल्न सक्ने चुनौतीलाई सामना गर्न सहज छैन। महानिरीक्षक राना भन्छन् - 'विगतको भन्दा यसपटकको निर्वाचन निकै जटिल हुनेछ। विगत पाँच वर्षमा सशस्त्र समूहको सङ्ख्या बढेको छ।'[२८] यसले तराईमा अन्य राजनीतिक पार्टीका सदस्य, उम्मेद्वार र मतदाता सामू थप असुरक्षा सिर्जना गर्नेछ। अज्ञात समूहले मधेशी जनअधिकार फोरमका कार्यकर्तामाथि आक्रमण गरेदेखि नै त्यस प्रकारको सङ्केत देखिएको थियो। उक्त घटनाको जिम्मेवारी एक सशस्त्र समूहले लिएको छ।[२९] निर्वाचनको सङ्घारमा बढेका यस्ता हिंसात्मक घटनाका कारण मतदाताको उपस्थितिमा कमी आउन सक्छ। सरकारले निर्वाचन सुरक्षा चुनौतीको विषयमा छलफल र योजना तयार गर्न सुरक्षा निकायका प्रमुखहरुबीच आयोजना गरेको बैठकमा उक्त विषयमा चर्चा गरिएको थियो।[३०] निर्वाचन सुरक्षा योजना तर्जुमा गर्दा तराई केन्द्रित सशस्त्र समूहको नियन्त्रणका लागि उच्च सतर्कता अपनाइनु पर्दछ।

### ४.३ राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरण

नेपालमा राजनीति र आपराधिक शक्तिका बीचमा हुने सम्बन्ध अर्थात राजनीतिक तथा आपराधिक गठबन्धन बढिरहेको छ। कालो धन, वैदेशिक सहयोग र लुकाइएको सम्पत्तिले निर्वाचन प्रक्रियालाई थप कमजोर बनाएको छ। जवाफदेहिता र पारदर्शिताको अभाव तथा अपराधीहरु राजनीतिमा प्रवेश गर्ने प्रचलन नेपालमा मुख्य चुनौतीका रुपमा देखा परेको छ।[३१] यो गठजोड अहिले शक्तिशाली शक्तिको रुपमा देखिएको छ र साना ठूला सबै राजनीतिक दलहरु भित्र नव राजनीतिकर्मीको रुपमा अपराधीलाई प्रोत्साहन गर्ने संस्कृति बढ्न थालेका छन्। अहिले नेपालमा गुण्डाराजको संस्कृति र आपराधिक व्यवहार व्याप्त छ। स्थानीय गुण्डा देखि सङ्गठित अपराध र कुनै पनि डन, अपराधी र अभियोग लागेकाहरुको पनि राजनीतिक महत्वकाङ्क्षा रहेको छ। सरकार र सुरक्षा निकायको कमजोरीका कारण तथा आवश्यक अनुसन्धान नगरिएका आपराधिक क्रियाकलापमा संलग्न हुनेहरु राजनीतिक पार्टीको संरक्षणमा रहेका हुन्छन्। लोकतान्त्रिक मूल्य-मान्यताको क्षयीकरण र सत्ता प्राप्तिको अभिष्ट पुरा गर्ने राजनीतिक दलहरुको चाहनाले अपराधी र राजनीतिकर्मीका बीचमा घातक समीकरण बनेको छ।

२०६९ पुषमा निर्वाचन आयोगले 'हत्या, चोरी, डकैती, ठगी, नक्कली मुद्राको प्रयोग, वैदेशिक मुद्राको अपचलन, अपहरण, बलात्कार, भ्रष्टाचार, धन शोधन, बैङ्किङ अनियमियतता, राहदानीको दुरुपयोग, लागु औषधको प्रयोग, जेल तोड्ने वा सो कार्यमा सघाउने, प्रतिबन्धित वन्यजन्तु, जडीबुटी र पुरातात्विक महत्वका बस्तुको तस्करी, अवैध व्यापार र जासुसीमा संलग्न लगायत अन्य गैरकनुनी गतिविधि र कुनै नैतिक पतन देखिने व्यक्ति वा अदालत वा अन्य कानुनी निकायले तोकेको कैद सजाय भुक्तानी नगरेको व्यक्ति कुनै पनि पार्टीको सदस्य हुन सक्दैन भनी निर्वाचनसम्बन्धी कानुनमा नयाँ व्यवस्था गऱ्यो।[३२] केही राजनीतिक दलहरुले निर्वाचन आयोगको प्रस्तावलाई अस्वीकार गरे। यदि आयोगको यस्तो प्रस्ताव अस्वीकृत नभएको भए आपराधिक पृष्ठभूमिका व्यक्ति निर्वाचन लड्न पाउने

२८ प्रहरी महानिरीक्षक कुवेर सिंह रानासँग गरिएको कुराकानी। माथि उद्धृत।
२९ 'एमपीआरएफ-एन लिडर सट'। रिपब्लिका। साउन ११, २०७०।
३० ढुंगाना, केपी। 'देशभरीका सुरक्षा प्रमुख काठमाण्डौंमा'। नागरिक। साउन १४, २०७०।
३१ नेपाली, मोहन। 'क्रिमिनलाइजेसन अफ पोलिटिक्स एण्ड इम्प्युनिटी : चिफ ह्युमन राइट्स कन्सर्न इन नेपाल'। ग्राउण्ड रिपोर्ट। जेठ ३, २०६५।
३२ 'इसी प्रपोजेज ब्यानिङ टेन्टेड फ्रम पोलिटिक्स'। रिपब्लिका, पुष १५, २०६९।

अवस्था हुने थिएन । निर्वाचन आयोगको प्रस्ताव अस्वीकृत हुनुले नेपालका राजनीतिक दलहरुमा जवाफदेहिताको कमी र राजनीतिक-आपराधिक सम्बन्ध सुदृढ भएको पुष्टि गरेको छ। उक्त गठबन्धन स्वतन्त्र र निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गर्ने कार्यमा मुख्य चुनौतीको रुपमा रहने छ । सुरक्षा निकायलाई पनि यस प्रकारको गठबन्धन तोड्न सजिलो हुने छैन ।

## ४.४ साना हातहतियारको उपलब्धता र खुला सिमाना

विभिन्न सरकारी तथा गैरसरकारी अनुसन्धानले विगत दश वर्षको अवधिमा नेपालमा साना हतियारको बाढी नै आएको निष्कर्ष निकालेका छन ।[३३] सरकारले कडा कानुन र अनुगमनमार्फत साना हातहतियार लाई देशव्यापी रुपमा प्रतिबन्ध लगाएको छ । सरकारले हतियार क्षतिपूर्ति मापदण्ड २०७० निर्देशिका लागु गरेको छ जसको आधारमा हालसम्म विभिन्न सशस्त्र समूह र सर्वसाधारणबाट ६,७४५ हतियार सङ्कलन गरेको छ ।[३४] निर्वाचनको सङ्घारमा भएको यो पहल आफैंमा महत्वपूर्ण छ । तर यसका साथै सरकारले अवैध ढङ्गले साना तथा हलुका हतियारमा संलग्नहरुको पहिचान गरेर कार्वाही गर्नुपर्छ। साना तथा हलुका हतियारको ओसारपसार र तराईमा रहेका सशस्त्र समूहको गतिविधिका सन्दर्भमा नेपाल र भारतको खुला सिमाना एउटा मुख्य चुनौती हो। त्यसैले पनि निर्वाचन सुरक्षा र यसका चुनौतीहरु प्रभावकारी सीमा संयन्त्र मार्फत प्रभावकारीरुपमा साना हातहतियारको अवैध ओसारपसार रोकथाम गर्न, त्यस विरुद्ध लड्न र नियन्त्रण गर्न भारतीय सुरक्षा निकायसँग सहकार्य गर्नु आवश्यक छ ।

खुला सीमाका कारण अपराधीहरु नेपालमा सहजै लुक्न सक्ने हुनाले हातहतियारको गैरकानुनी प्रवाह सहजरुपमा हुन सक्छ जसले सम्पूर्ण सुरक्षा वातावरणमा गम्भीर नकारात्मक असर पार्दछ। यस अतिरिक्त खुला सीमाकै कारण तस्करीका वस्तुको ओसारपसार र भारतमा नक्कली भारतीय मुद्राको आपूर्ति हुने गरेको आम सोचाइमा असहमत हुने ठाउँ छैन ।[३५]

अपराधीहरुले कुनै पनि प्रकारका हातहतियार तस्करी हुन नदिने सुनिश्चित गर्न भारतीय समकक्षीको सहकार्यमा सीमामा रहेका नाकाहरुको नियन्त्रण गर्नुपर्छ । निर्वाचनको समयमा सीमाको नियन्त्रण अवैध हातहतियारको ओसारपसार रोक्न र तराईमा रहेका सशस्त्र समूहलाई सीमा आसपासका क्षेत्रमा क्रियाशील हुनबाट रोकेर आगामी निर्वाचनमा हुने हिंसाको अनुसन्धान गर्न द्विपक्षीय सहकार्य महत्वपूर्ण छ । एकीकृत निर्वाचन सुरक्षा योजनामा निर्वाचनको मिति नजिकिएपछि सीमापार आवातजावात र साना हातहतियारको ओसारपसार गर्नेहरुमाथि निगरानी गर्न विशेष संयन्त्रको निर्माण गरिनुपर्छ ।

## ४.५ साम्प्रदायिक र जातीय हिंसा

आगामी निर्वाचनको सबैभन्दा जटिल बहसको विषय सङ्घीयता हो । यस अघिको संविधान सभाबाट संविधान जारी हुन नसक्नुको मुख्य कारणमध्ये प्रमुख विवादको रुपमा रहेको सङ्घीयताको विषयमा सहमति हुन नसक्नु नै थियो । निर्वाचन अभियानमा समेत सङ्घीयताको स्वरुपले प्राथमिकता पाइरहेको छ। यही विषयका कारण निर्वाचन सुरक्षाको वातावरणमा समेत नकारात्मक असर पुग्ने सम्भावना कायम छ। निर्वाचन प्रचारप्रसारका क्रममा राजनीतिक दलहरुले अघि सार्ने सङ्घीयता सम्बन्धी दृष्टिकोणका आधारमा भिडन्त हुने प्रवल सम्भावना छ । यस अघिको संविधान सभामा कायम भएको ६०१ संविधान सभा सदस्यको सङ्ख्या घटाउने प्रस्ताव गरेपछि मधेशी, जनजाति र अन्य

३३ थप जानकारीका लागि हेर्नुहोस् जततउस्ररधधधाकर्बाबिचक्ककगचखभथायचनर ।
३४ 'इन्टिग्रेटेड इलेक्टोरल सेक्युरिटी प्लान इन दी अफिङ । रिपब्लिका । साउन १०, २०७० ।
३५ सेफरवल्ड. (२००८) । पब्लिक सेफ्टी एण्ड पोलिसिङ् इन नेपाल : एन एनालाइसिस अफ पब्लिक एटिट्युड्स् टुवार्डस् कम्युनिटी सेफ्टी एण्ड पोलिसिङ् अक्रस नेपाल ।

समुदायले संविधान सभामा उनीहरुको प्रतिनिधित्वमा प्रत्यक्ष असर पर्ने भन्दै निर्वाचन प्रक्रियामा अवरोध पुऱ्याएका थिए। यद्यपि, उच्चस्तरीय राजनीतिक समिति र उपेन्द्र यादव नेतृत्वको सङ्घीय लोकतान्त्रिक मधेशी मोर्चा र सङ्घीय समाजवादी लोकतान्त्रिक पार्टीसँग पहिलो संविधान सभाको निर्वाचनमा रहेको सङ्ख्या कायम राख्ने सहमति भएको छ ।[३६] यदि साम्प्रदायिक र जातीय हिंसा भयो भने सुरक्षा निकायलाई पनि व्यवस्थापन गर्न समस्या हुने भएकाले त्यसलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा सरकारले स्पष्ट पार्नुपर्छ। एउटा मात्र निर्वाचन क्षेत्रमा पनि साम्प्रदायिक वा जातीय हिंसाले स्थान पाएको खण्डमा त्यसको असर अन्य क्षेत्रसम्म पुग्ने र अन्ततः सुरक्षा वातावरण नकारात्मक बन्न सक्छ । यस्तो अवस्थामा निर्वाचन अवधिभर खासगरी, निर्वाचन हिंसालाई रोकथाम गरेर समग्र राष्ट्रिय सुरक्षालाई सामान्य बनाउन नेपाली सेनालाई 'ब्याकअप फोर्स'को रुपमा परिचालन गर्नु अर्थपूर्ण हुन्छ । नेपाली सेना सहित सबै सुरक्षा निकायलाई उपयुक्त भूमिका र जिम्मेवारी तोकेर साम्प्रदायिक र जतीय हिंसा रोक्न निर्वाचन सुरक्षा योजनामा स्पष्ट रुपरेखा तय गर्नु पर्छ ।

### ४.६ पूर्व लडाकुको गतिविधि

स्वेच्छिक अवकास रोजेका पूर्व लडाकुले पनि निर्वाचन सुरक्षामा गम्भीर चुनौती उत्पन्न गर्न सक्छन् । सेना समायोजन र हतियारको व्यवस्थापनको कार्य सकिएसँगै १५,६२४ पूर्व लडाकुले स्वेच्छिक अवकास, ६ जनाले पुर्नस्थापना रोजेका थिए भने ४००८ अयोग्य घोषित भएका थिए ।[३७] स्वेच्छिक अवकासपछि अधिकांश पूर्व लडाकुहरु एकीकृत नेकपा (माओवादी) र नेकपा–माओवादीमा क्रियाशील छन् । नेकपा-माओवादीले यसअघि नै निर्वाचन बिथोल्ने घोषणा गरिसकेकाले उक्त पार्टीमा अबवद्धहरुले निर्वाचन प्रक्रियामा अवरोध पुऱ्याउन अधिकतम प्रयास गर्नेछन् । निर्वाचन अवधिभर केही निर्वाचन क्षेत्रमा खासगरी, निर्वाचन प्रचारप्रसार अभियान र मतदानको दिन थप असुरक्षा सिर्जना गर्न सक्नेछन्। उनीहरुले निर्वाचन जित्ने र बिथोल्ने प्रयोजनका लागि बिगतमा सिकेको सैन्य ज्ञान र सीपको प्रयोग गर्न सक्नेछन् जसले निर्वाचनलाई हिंसान्मुख बनाउन सक्नेछ । हालै सम्पन्न उच्चस्तरीय सुरक्षा समितिको बैठकमा सुरक्षा निकायका प्रमुखहरुले निर्वाचनको समयमा पूर्व लडाकुको तर्फबाट गम्भीर सुरक्षा चुनौती आउन सक्ने बताएका थिए ।[३८] अर्कोतर्फ पार्टी र राज्य दुवैसँग असन्तुष्ट बनेका अयोग्य लडाकुले हिंसात्मक गतिविधि मार्फत निर्वाचन बिथोल्न सक्छन । पूर्व लडाकुको कारणले आगामी निर्वाचनको सुरक्षा वातावरण २०६४ को संविधानसभा निर्वाचन भन्दा जटिल भएको छ ।[३९] सक्रिय राजनीतिमा संलग्न रहेका लडाकुहरु निर्वाचनमा सहभागी भएर वा निर्वाचन बिथोलेर निर्वाचनलाई अवसरको रुपमा लिनेछन् । निर्वाचन बिथोल्ने र प्रतिस्पर्धा गर्ने दुवै प्रयोजनका लागि हिंसाकै प्रयोग गरिने छ । त्यसैले निर्वाचन सुरक्षा योजनामा पूर्व-लडाकुको गतिविधि र संभावित परिणतिका बारेमा उच्च प्राथामिकतामा दिनुपर्छ ।

### ४.७ राजनीतिक दलका युवा सङ्गठनको भिडन्त

नेपालको निर्वाचन प्रचार-प्रसारको क्रममा हिंसा र धम्की प्रयोगको इतिहास लामो छ । यस सम्बन्धमा चासो व्यक्त गर्दै संयुक्त राष्ट्रसङ्घले भनेको छ - 'राजनीतिक पार्टीहरुको युवा सङ्गठन स्थापना गर्ने कार्य खासगरी नेकपा (एमाले) सम्बद्ध युथ फोर्स गठन

३६ पुन, किरण । 'एचएलपीसी रिच्ड सिक्स-प्वाइन्ट डिल विथ एफडिएफ' । रिपब्लिका । साउन ३२, २०७० ।
३७ पाण्डे, लेखनाथ । 'आर्मी इन्टिग्रेसन च्याप्टर कन्क्लुड्स' । दि हिमालयन टाइम्स । असार २१, २०७० ।
३८ 'गभर्मेन्ट सेक्युरिटी चिफ्स् प्लान पोल सेक्युरिटी' । दी काठमाण्डौं पोष्ट । साउन १४, २०७० ।
३९ वाग्ले, गेजा शर्मा । 'फ्रि एण्ड फियरलेस' । दी काठमाण्डौ पोष्ट । चैत २८, २०६९ ।

गरेर वाईसीएलसँग प्रतिस्पर्धा गर्ने र कानुन हातमा लिने दावीप्रति चासो व्यक्त गर्दछौं ।'[४०] वाइसिएल र युथ फोर्सको बीचमा भएका झडपले थुप्रै पटक राजनीतिक तनाव र हिंसान्मुख गतिविधि निम्त्याएका छन् ।[४१] एकीकृत नेकपा (माओवादी)ले वाईसीएललाई पुनः सक्रिय बनाउने निर्णय गरेको छ । यसलाई नेकपा (माओवादी) को युवा मोर्चाले गरेका गतिविधि र क्रियाकलापलाई टक्कर दिने उदेश्यले उक्त निर्णय गरेको हो । दुई फरक राजनीतिक दलका युवा सङ्गठनको बीचमा भएका झडपले सजिलै राजनीतिक तनाव र हिंसाको रुप लिनसक्छ । वाइसिएलको पुनर्गठन र राजनीतिक पार्टीका युवादस्ता गठनको होडबाजीले ठूलै सुरक्षा चुनौती थपिनेछ । सार्वजनिक सञ्चार माध्यममा उल्लेख भएअनुसार सबै राजनीतिक दलका युवा सङ्गठनहरुले प्रत्येक मतदान केन्द्रमा युवा परिचालनको योजना बनाएका छन्, जसले उनीहरुको बीचमा भिडन्तको स्थिति निम्त्याउने देखिन्छ । वाईसीएलले 'प्रत्येक बुथमा २०० जना' र 'निर्वाचनमा अवरोधको उद्देश्य राख्ने शक्तिको प्रतिकार गर्ने' निर्णय सार्वजनिक गरेको छ ।[४२]

युवा सङ्गठका बीचमा हुने हिंसात्मक भिडन्तले उनीहरु आवद्ध भएका राजनीतिक दलहरुलाई पनि निर्वाचन क्षेत्रमा हुने भिडन्तमा सहभागी हुने स्थिति सिर्जना हुन्छ । यद्यपि निर्वाचन आयोगले 'कुनैपनि राजनीतिक दलका युवा दस्तालाई निर्वाचन अवधिभर परिचालनको अनुमति नदिने' बताउँदै युवा परिचालनको प्रस्तावलाई अस्वीकार गरेको छ। तर पनि सुरक्षा निकायले उनीहरुका गतिविधिलाई नियन्त्रण गर्न विशेष सुरक्षा योजना तयार गर्नुपर्छ ।[४३]

### ४.८ उम्मेदवार र मतपत्र सम्बन्धी हिंसा

निर्वाचन प्रचार-प्रसार अन्त्य तथा मतदानको दिनमा सुरक्षा सुनिश्चितता प्रदान गर्नु निकै चुनौतीपूर्ण कार्य हो । निर्वाचनमा खटिएका कर्मचारी, उम्मेदवार र मतदातालाई लक्षित गरेर निर्वाचन हिंसाका घटनाहरु हुन्छन् । विशेषगरी यस्तो अन्तिम घडीमा हुने हिंसाको उद्देश्य निर्वाचन प्रक्रिया र परिणामलाई प्रभावित गर्ने, विरोधीलाई कमजोर बनाउने र मतदान स्थगित गराउने हुन्छन् । यस अवधिमा सञ्चार माध्यम वा सार्वजानिक स्थानमा आक्रमण, मतदाता, निर्वाचन अधिकृत, सञ्चारकर्मीलाई धम्की दिने, आक्रमण गर्ने, बन्धक बनाउने, अपहरण गर्ने, चन्दा सङ्कलन, निर्वाचन सभा, उम्मेद्वारमाथि आक्रमण, स्वदेशी तथा विदेशी पर्यवेक्षकहरुमाथि आक्रमण, बम विस्फोट गराउने जस्ता हिंसात्मक गतिविधि हुन्छन् । विभिन्न मतदान केन्द्रमा खटाइएका वा नियुक्त भएका सुरक्षाकर्मीलाई निर्वाचनको प्रचारप्रसार र मतदानको दिन हिंसात्मक गतिविधि रोक्ने मुख्य जिम्मेवारी दिइएको हुन्छ

## ५. एकीकृत निर्वाचन सुरक्षा योजना

निर्वाचनको समयमा मतदान केन्द्रको सुरक्षाका लागि खटिने नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना लगायतका सुरक्षा निकायको बृहत्तर समन्वय, उनीहरुको परिचालन योजना र प्राथमिकता, स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण निर्वाचनका लागि महत्वपूर्ण हुन्छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि गृह मन्त्रालयले एकीकृत निर्वाचन सुरक्षा योजना तयार गरेको छ । प्रस्तावित निर्वाचन

४० संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्, रिपोर्ट अफ दी युनाइटेड नेसन्स हाई कमिसनर फर ह्युमन राइट्स अन दी ह्युमन राइट्स सिच्युएसन एण्ड एक्टिभिटिज अफ हर अफिस इन्क्लुडिङ टेक्निकल कोअपरेसन इन नेपाल, २० फागुन, २०६५ ।

४१ पुन, किरण । 'वाइसिएल टु वी रिएक्टिभिएटेड एज सीए पोल नियर्स' । रिपब्लिका । जेठ १७, २०७० ।

४२ 'वाइसिएल टु डिप्लोइ २०० युथ्स् पर पोलिङ बुथ' । रिपब्लिका । साउन २४, २०७० ।

४३ 'नो युथ स्क्वाड विल वी अलाउड एट पोलिङ बुथ्स् : इसी' । रिपब्लिका । भदौ ३, २०७० ।

सुरक्षा योजनाले आगामी निर्वाचनका मुख्य सुरक्षा चुनौतीहरुलाई आत्मसात् गरेर तिनीहरुलाई कसरी सम्बोधन गर्ने भन्ने उपायहरु पनि सुझाएको छ । विभिन्न तहमा चरणबद्ध छलफल गरेर सुरक्षा योजनालाई अन्तिम रुप दिइसकेको छ ।[४४] सबै सुरक्षा निकायहरुलाई एकीकृत सुरक्षा योजनाअनुसार काम गर्न सरकारले निर्देशन पनि दिइसकेको छ ।[४५] गृह मन्त्रालयले केन्द्रदेखि मतदान केन्द्र तहसम्म निर्वाचन सुरक्षा प्रबन्ध गरिरहेको छ । सञ्चार माध्यममा उल्लेख भएअनुसार गृह मन्त्रालयमा केन्द्रीय निर्वाचन समन्वय एकाइ गठन गरेर निर्वाचन सुरक्षासँग सम्बन्धित कार्यको समन्वय गरिरहेको छ भने जिल्ला तहम सबै सुरक्षा निकायका छुट्टाछुट्टै एकाइ गठन गरिएको छ ।'[४६] त्यसैगरी सबै सुरक्षा निकायले प्रभावकारी समन्वयका लागि केन्द्रदेखि तल्लो निकायसम्म निर्वाचन एकाइ गठन गरेका छन् । सुरक्षा निकायहरुको परिचालनको सम्बन्धमा गृह मन्त्रालयले एकीकृत निर्वाचन सुरक्षा योजना अन्तर्गत '६२,००० नेपाली सेना, ५६,००० नेपाल प्रहरी, ३०,००० सशस्त्र प्रहरी बल र ४५,००० म्यादी प्रहरी'[४७] परिचालन गर्ने योजना बनाएको छ । सुरक्षा योजनामा 'नागरिक सर्वोच्चताको सुनिश्चितता गर्न नेपाली सेना सहित सबै सुरक्षाकर्मीलाई निजामति कर्मचारी प्रशासनको समन्वय र निर्देशनमा' परिचालन गर्ने परिकल्पना गरिएको छ । एकीकृत निर्वाचन सुरक्षा योजनाले '२४० निर्वाचन क्षेत्रका १०,००६ मतदानस्थलमा रहेका १८,००० मतदान केन्द्रमा सुरक्षा प्रदान गर्नेछ । यसले निर्वाचन क्षेत्रलाई सामान्य, संवेदनशील र अति संवेदनशील गरी तीन समूहमा बर्गीकरण गरेर सोही अनुरुप सुरक्षा प्रबन्ध मिलाइएको छ ।' सुरक्षा योजनाले अति सम्वेदनशील जिल्ला र मतदान केन्द्रको पहिचान गरेर ती क्षेत्रमा तेस्रो घेरामा नेपाली सेना परिचालन गर्ने निर्णय गरेको छ । सरकारले १६ जिल्लालाई अति सम्वेदनशीलको सूचीमा राखेको छ। अति सम्वेदनशील जिल्लाको सूचीमा रहेका जिल्ला तराईमा रहेका छन् । तराईका ११६ मध्ये ७१ निर्वाचन क्षेत्र अति सम्वेदनशील निर्वाचनको सूचीमा रहेका छन् । त्यसैगरी सरकारले १,५६२ मतदान केन्द्रलाई अति सम्वेदनशीलको सूचीमा राखेको छ जसमा ३,८५० मतदान स्थल रहेका छन् । सरकारले सम्वेदनशील र अति सम्वेदनशीलको सूचीमा रहेका मतदान स्थलको तेश्रो घेरामा नेपाली सेनालाई खटाउने निर्णय गरेको छ ।[४८] सरकारले राष्ट्रिय सुरक्षा परिषद् मार्फत अति सम्वेदनशील जिल्लाको सूचीमा रहेका मतदान केन्द्रमा सेना परिचालन गर्ने औपचारिक निर्णय समेत गरिसकेको छ ।[४९]

एकीकृत सुरक्षा योजनाले निर्वाचनको क्रममा खटिने सबै सुरक्षा निकायहरुका लागि निर्वाचन सुरक्षाका बारेमा स्पष्ट कार्ययोजना प्रदान गर्नुपर्छ । सबैभन्दा पहिले, सुरक्षा योजनाले विभिन्न सुरक्षा चुनौतीको पहिचान गर्नुपर्छ। यस नीति पत्रमा हालसम्म समेटिएका चुनौती नै प्रमुख सुरक्षा चुनौतीको रुपमा रहेका छन्। सुरक्षा योजनाले विभिन्न चुनौतीलाई निस्तेज पार्न अवलम्बन गर्ने संयन्त्र र विधिबारे प्रष्ट पार्नुपर्छ। धेरैजसो सुरक्षा चुनौती सुरक्षा निकाय आफैंले व्यवस्थापन गर्न सक्ने खालका भएपनि बाँकी चुनौतीको समना गर्नकालागि विशेष रणनीति आवश्यक हुन्छ । दोस्रो, एकीकृत निर्वाचन सुरक्षा योजनामा सुरक्षा निकायहरुको आन्तरिक र निर्वाचन आयोग एवम् सुरक्षा निकायको बीचमा समन्वय गर्ने बलियो संयन्त्र गठन गरिनुपर्छ । यसले विशेषगरी सुरक्षा निकायहरु र निर्वाचन आयोगका बीचमा समन्वय गरेर मतदानस्थलको सुरक्षा योजना

४४ पुन, किरण । माथि उद्धृत ।
४५ 'इन्टिग्रेटेड सेक्युरिटी प्लान इन दी अफिङ' । रिपब्लिका । साउन १०, २०७० ।
४६ पूर्वउल्लेखित ।
४७ 'सेना परिचालनमा तगारो हटाउने सरकारको प्रयास' । कान्तिपुर । असोज ७, २०७० ।
४८ शर्मा, भद्र । 'इसी सेन्टर टु कमान्ड १००,००० सेक्युरिटी पर्सनेल फर इलेक्सन्स्' । दी काठमाण्डौ पोष्ट । जेठ २३, २०७० ।
४९ 'निर्वाचन सुरक्षा : १६ जिल्ला अति सम्वेदनशील क्षेत्रको सूचीमा' । कान्तिपुर । भदौ २६, २०७० ।

तयार पार्ने बिषयलाई समेट्छ। सुरक्षा योजनाले जिल्ला र क्षेत्रीय तहमा क्रमशः 'प्रमुख जिल्ला अधिकारी र क्षेत्रीय प्रशासक' र 'केन्द्रमा गृहमन्त्री'[५०] को नृतत्वमा रहने समितिले प्रत्यक्षरुपमा यो प्रक्रियाको नेतृत्व गर्नेछन्। तेस्रो, एकीकृत निर्वाचन सुरक्षा योजनाले साधन-स्रोतको विस्तृत योजना बनाउनु पर्छ। सुरक्षा निकायको योजनालाई सक्षम बनाउनका लागि मतदान स्थलको बारेमा वैज्ञानिक ढङ्गले पूर्वसूचना सङ्कलन गर्नु आवश्यक छ। प्रस्तावित मतदान स्थल र मतदान केन्द्रको सञ्चालन पक्रियाका बारेमा पूर्व जानकारी आवश्यक छ जस अन्तर्गत मत गणना केन्द्र, निर्वाचन सामग्रीको प्रस्तावित वितरण र मतदान केन्द्र, सामग्री र कर्मचारीको सूचना पर्दछन्। सुरक्षा निकायका लागि आवश्यक मानव संशाधनको व्यवस्था गरेर निर्वाचन सुरक्षा कायम राख्नु कठिन कार्य हुनेछ। नेपाली सेनाको परिचालन बाहेक एकीकृत निर्वाचन सुरक्षा योजनाले आवश्यक तालिमको व्यवस्था गरेर म्यादी प्रहरी समेत परिचालन गर्ने योजना प्रस्तावित गरेको छ।[५१] यस अतिरिक्त मानव संसाधन बिना सबै मतदानस्थलमा सुरक्षा प्रदान गर्दा सुरक्षा निकायको प्रभावकारितामा ह्रास आउन सक्छ।[५२] यस्तो भौगोलिक अवस्थामा सबै मतदान स्थलको सुरक्षा चुनौतीलाई समाधान गर्न सम्भव हुने छैन। त्यसैले यातायात र प्राविधिक योजना (पर्याप्त हलुका र ठूला सवारी साधन र दुर्गम क्षेत्रका लागि हेलिकोप्टर र हवाइजहाजको प्रबन्ध) लाई सुरक्षा योजनाको रुपमा लिएर सावधानीपूर्वक सुरक्षाको प्रबन्ध गरिनु पर्छ।

## ६. सरकार, निर्वाचन आयोग र सुरक्षा निकायको भूमिका

स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउनका लागि सहज वातावरण बनाउने, निर्वाचन कानुन बनाउने, बजेट निर्माण र निर्वाचनको अनुगमन गर्ने भूमिका सरकारको हो। प्रधानन्यायाधीशको नेतृत्वमा अवकासप्राप्त प्रशासकलाई मन्त्री नियुक्त गरेर निर्वाचन सरकार गठन भएकाले नेपालको आगामी निर्वाचन नयाँ प्रयोग हुनेछ। त्यसैले सरकारले निर्वाचनको परिणामलाई प्रभावित गर्न वा आफ्नै स्वार्थका लागि निर्वाचन हिंसाको सम्भावना कम देखिएको छ।[५३] राजनीतिक सहमतिको अभावमा निर्वाचन आयोगद्वारा प्रस्तावित थ्रेसहोल्ड सम्बन्धी प्रावधान समेटिएको अध्यादेश (समानुपातिक तर्फको सीट सङ्ख्याका लागि न्यूनतम एक प्रतिशत मत ल्याउनुपर्ने प्रावधान र उम्मेद्वारले आफ्नो सम्पत्ति घोषणा गर्नुपर्ने) लाई हटाएर पूर्ववत् संविधान सभाले अवलम्बन गरेका प्रावधानको आधारमा सरकारले निर्वाचन अध्यादेश स्वीकृत गऱ्यो। यसअघि नै निर्वाचन बजेटको घोषणा गरिसकेको सरकारले निर्वाचन सुरक्षा सहितको आवश्यक बजेट विनियोजनको तयारी गरिरहेको छ। निर्वाचन आयोगको काम निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गराउनका लागि प्राविधिक रुपमा सहयोग गर्नु हो। त्यसका लागि निर्वाचन आयोगको सङ्गठन, सन्तुलन, संरचना र व्यावसायिकता प्रमुख विषय रहन्छ जसले निर्वाचन हिंसालाई निस्तेज गरेर सर्वस्वीकार्य परिणाम दिन सक्ने पक्ष महत्वपूर्ण हुन्छ। त्यसैले वैधानिक निर्वाचनका लागि राजनीतिक र प्रशासनिक रुपमा निष्पक्ष, स्वतन्त्र निर्वाचनका लागि समाजका सबैले बुझ्ने किसिमको नागरिकता, कानुन र मतदाता शिक्षा कार्यक्रमका साथै अधिकांश मतदाताको चाहना अनुरुपका कार्य मार्फत सबैको मताधिकारको सुनिश्चितता हुनु महत्वपूर्ण पक्ष हो।

निर्वाचन अवधिमा देशमा शान्ति सुरक्षा कायम गर्ने सुरक्षा निकायको भूमिका महत्वपूर्ण हुन्छ। निर्वाचनमा सुरक्षा व्यवस्था कायम गर्नु सुरक्षा निकायको पहिलो कर्तव्य

५० 'प्लान टू डिप्लोइ आर्मी'। दी काठमाण्डौं पोष्ट। भदौ २४, २०७०।
५१ 'सेना परिचालनमा तगारो हटाउने सरकारको प्रयास'। कान्तिपुर। असोज ७, २०७०।
५२ 'सरकारले म्यादी प्रहरी भर्ना प्रक्रिया सुरु गऱ्यो'। कान्तिपुर। असोज ४, २०७०।
५३ वाग्ले, गेजा शर्मा। माथि उद्धृत।

हो । निर्वाचनको समयमा सुरक्षा निकायको बीचमा हुने प्रतिस्पर्धा र जिम्मेवारीको दोहोरोपनलाई हटाउन सुरक्षा निकायहरुको बीचमा सशक्त समन्वयकारी संयन्त्र गठन हुनुपर्छ । यसैगरी सुरक्षा निकायलाई निर्वाचन कानुन, निर्वाचन कानुन अन्तर्गत कसैलाई कारबाही गर्नु परेमा त्यससम्बन्धी आधारभूत जानकारी प्राप्त हुनुपर्छ ।[५४]

## ७. निर्वाचन आयोगको आचारसंहिता

निर्वाचन अवधिभर निर्वाचन आयोगले आचारसंहिता मार्फत आफ्नो अधिकारको अभ्यास गर्छ। आचारसंहिताले निर्वाचन अभियान, राजनीतिक दलको खर्च विवरण, उम्मेद्वारको अधिकतम खर्च सीमा निर्धारण, निर्वाचनसँग सम्बन्धित समाचारको मापदण्डका साथै अन्य बिषयलाई विस्तृत ढङ्गले समेटेको छ ।[५५] तल उल्लेखित केही प्रावधानहरु निर्वाचन आयोगले निर्वाचन हिंसा कम गर्न जारी गरेको हो जसको कडाइका साथ पालना हुनु पर्छ :

- पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणाली अन्तर्गत प्रतिस्पर्धा गर्ने उम्मेद्वार का लागि १० लाख र समानुपातिकमा लड्ने उम्मेद्वारका लागि ७५,००० सम्म खर्च गर्न अनुमति दिइएको छ ।
- प्रत्यक्षतर्फका उम्मेद्वारले निर्वाचन सम्पन्न भएको ३५ दिन भित्र निर्वाचन खर्चको आम्दानी र खर्चको विवरण जिल्ला निर्वाचन कार्यालयमा र समानुपातिकतर्फ पार्टीले गरेको खर्चको विवरण निर्वाचन आयोगमा बुझाउनु पर्छ ।
- आयोगले निर्वाचन आचारसंहिता उल्लङ्घन गर्ने उम्मेद्वारका लागि कडा सजायको व्यवस्था गरेको छ । आयोगलाई यदि आचारसंहिता उल्लङ्घनले निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा हुन नसक्ने लागेको खण्डमा उम्मेद्वारी खारेजसहित १,००,००० सम्म जरीवाना गर्न सक्छ । यदि कुनै उम्मेद्वारले तोकेको मापदण्ड विपरीत कार्य गरेको देखिएमा ६ वर्ष सम्मका लागि निर्वाचनमा प्रतिस्पर्धा गर्न रोक लगाउन सक्छ ।
- निर्वाचन आयोगले सोलुखुम्बु, मनाङ, मुस्ताङ, डोल्पा, हुम्ला, जुम्ला, मुगु, कालीकोट, बझाङ, बाजुरा र जाजारकोट जस्ता ११ दुर्गम जिल्ला बाहेक अन्य जिल्लामा हेलिकोप्टर र हवाइजहाज चार्टर गरेर निर्वाचन प्रचारप्रसार गर्न राजनीतिक दल र उम्मेद्वारलाई रोक लगाएको छ ।
- आचारसंहिता लागु भएदेखि अत्यावश्यक बाहेक काममा सरकारलाई कर्मचारीको नियुक्ति, बढुवा सरुवा जस्ता कार्य गर्न निषेध गरेको छ । त्यसैगरी सरकारले बजेटमा घोषणा भए बाहेकका कुनै पनि नयाँ कार्यक्रमको घोषणा गर्न सक्दैन ।
- राजनीतिक दल र उम्मेद्वारले विपक्षीका पर्चा पम्पलेट च्यात्नु हुँदैन । आचारसंहिताले निर्वाचन अभियानको क्रममा पुत्ला जलाउन निषेध गरेको छ। निजी तथा सरकारी सञ्चार माध्यमलाई कुनै दल वा उम्मेद्वार विशेषको समर्थनमा पनि रोक लगाएको छ ।
- आचारसंहिताले बिहान ७ बजेदेखि साँझ ७ बजे सम्म मात्रै निर्वाचन प्रचारप्रसार गर्न पाउने समय तोकेको छ । आचारसंहितामा

५४ पूर्वउल्लेखित
५५ निर्वाचन आयोग आचारसंहिता-२०७०

दल र उम्मेद्वारलाई मतदान सुरु हुनुभन्दा २४ घण्टा पहिले र मतदानपछि निर्वाचन प्रचारप्रसारका कार्यक्रम गर्न अनुमति दिइएको छैन ।

## ८. निष्कर्ष

निर्वाचन हिंसा र सुरक्षामाथि गहन विश्लेषण गरिएको यस नीति पत्रमा सरोकारवालालाई यदि ती विषयको उचित सम्बोधन नभएको खण्डमा निर्वाचन हिंसान्मुख हुन सक्नेतर्फ ध्यानाकर्षण गरिएको छ। पहिलो त यसले तराईमा सशस्त्र समूह, पूर्व लडाकु, राजनीतिक दलका युवा सङ्गठन, नेकपा-माओवादी लगायतलाई निर्वाचन सुरक्षा चुनौतीका रुपमा पहिचान गरेको छ । उक्त चुनौतीलाई सुरक्षा निकायले व्यवस्थापन गर्न सक्ने निष्कर्ष निकालेको छ। दोस्रो, यसले एकीकृत निर्वाचन सुरक्षा योजनामा सुरक्षा चुनौतीलाई सपष्टताका साथ समेट्न सुझाव दिएको छ। यसबाहेक निर्वाचन सुरक्षा योजनामा हरेक सुरक्षा चुनौतीलाई कसरी व्यवस्थापन गर्ने भन्ने सम्बन्धमा सुरक्षा निकायका लाीग स्पष्ट मार्ग निर्देशन हुनुपर्छ। तेस्रो, यस नीति पत्रले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, म्यादी प्रहरी लगायतका सुरक्षा निकायको भूमिका र जिम्मेवारी एकीकृत सुरक्षा योजनामा स्पष्टसँग तोक्न सुझाब दिएको छ। निर्वाचन सुरक्षाका लागि सुरक्षा निकायको बीचमा राम्रो समन्वय आवश्यक हुन्छ। यसले कठिन अवस्थामा एकले अर्को निकायलाई सहयोग गर्न मद्दत पुग्छ । राजनीतिक सहमति निष्पक्ष, स्वतन्त्र र विश्वसनीय ढङ्गले निर्वाचन सम्पन्न गराउन अपरिहार्य हुन्छ।

अन्त्यमा, निर्वाचन सुरक्षा योजनामा सरकार, निर्वाचन आयोग र सुरक्षा निकायबीचको समन्वय स्पष्टसँग उल्लेख गरिएको हुनुपर्छ । योजनामा म्यादी प्रहरीको भर्ना, सेनाको परिचालन, सुरक्षा बजेटदेखि लिएर विभिन्न सुरक्षा एकाइ गठन सम्मका बिषय समेटिएको हुनुपर्छ। समग्रमा, सरकार खासगरी सम्बन्धित मन्त्रालय र यसका सुरक्षा निकाय र निर्वाचन आयोगले एकीकृत निर्वाचन सुरक्षा योजना अन्तर्गत काम गर्नुपर्छ। सुरक्षा योजनाले यसमा संलग्न निकायको जिम्मेवारी सम्पन्न गर्नका लागि जिम्मेवारी छुट्याएर सशक्त समन्वयकारी संयन्त्रको गठन गर्नुपर्छ । एकीकृत निर्वाचन सुरक्षा योजना सार्वजानिक गरेर सर्वसाधारणले यसबारे जानकारी लिन पाउनुपर्छ । यसबाट नियोजित र आकस्मिक हिंसा र असुरक्षाको व्यवस्थापन र कार्यान्वयन गर्न सकिन्छ।

## ९. सुझाव

### ९.१ सरकारका लागि सुझाव

- सुरक्षा चुनौतीको वस्तुगत रुपमा विश्लेषण गरी एकीकृत निर्वाचन सुरक्षा योजना कार्यान्वयनको सुनिश्चितता गर्ने ।
- सुरक्षा चुनौती बढिरहेको अवस्थामा चुनावी हिंसा रोक्नका लागि सुरक्षा निकायका लागि स्पष्ट मार्ग निर्देशिका र निर्देशन तयार गर्ने ।
- निर्वाचनको क्रममा अमर्यादित र हिंसामा संलग्न व्यक्तिलाई निर्वाचन र आपराधिक कानुनमा समेट्नु पर्छ ।
- दङ्गा र भीड नियन्त्रणका लागि आवश्यक प्रविधि उपलब्ध गराउने । अधिकांश नेपाल प्रहरीसँग मतदानस्थलमा दङ्गा भएमा वा मतदाताहरुले सो स्थलमा प्रवेश गरेको अवस्थामा तत्काल गोली हान्ने हतियार बाहेक अन्य रक्षात्मक प्रविधि छैनन् ।
- निर्वाचन अवधिभर हेलिकोप्टर, गाडी, गस्तीका लागि पर्याप्त इन्धन सहित सबै आवश्यक बन्दोबस्तीका सामग्रको सुनिश्चितता गरिनुपर्छ। त्यसैगरी सुरक्षा निकायको बीचमा प्रभावकारी समन्वयको लागि अतिरिक्त सामग्री उपलब्ध हुनुपर्छ ।
- जवाफदेहिताका लागि भ्रष्टाचारी ठहर भएका पूर्व सभासद्लाई कारबाही गरेर निर्वाचनमा

भाग लिनबाट रोक्नु पर्छ ।

- असुरक्षा र धम्कीको प्रकृति फरक-फरक हुने भएकाले देशका सबै मतदानस्थलको निर्वाचन सुरक्षा विकेन्द्रित गरेर समन्वय गरिनु पर्छ । विकेन्द्रीकरणको संरचना राष्ट्रिय तहमा स्थापित नेतृत्वको आधारमा हुनुपर्छ ।
- राजनीतिक दलहरुले मतदातालाई आकर्षित गर्नका लागि अरुको अपमान गर्ने खालको भाषाशैली प्रयोग गर्ने अनुमति दिनु हुँदैन । मतदातालाई घृणा गर्ने कार्य भएमा निर्वाचनको वातावरणमा प्रभाव पर्छ ।

### ९.२ निर्वाचन आयोगलाई सुझाव

- आचारसंहिता कडाइपूर्वक लागु गर्ने र निर्वाचन हिंसामा संलग्नहरुलाई कारबाही गर्ने ।
- प्रकाशित निर्वाचन कार्यतालिका कडाइका साथ लागु गर्ने ।
- निर्वाचन गराउँदा निष्पक्षता र तटस्थता कायम गर्ने ।
- निर्वाचनसँग सम्बन्धित गतिविधिको कडाइपूर्वक अनुगमन गर्ने ।
- निर्वाचन अवधिभर ७५ जिल्लाकै जिल्ला सुरक्षा कार्यालयमा जिल्ला निर्वाचन अधिकृत उपस्थित भएको सुनिश्चित गर्ने ।
- निर्वाचनको समयमा समाचार प्रकाशन र प्रशारणको सामान्य प्रोटोकल समेटिएको मार्गनिर्देशन तयार गरेर निर्वाचन कभरेजलाई निर्देशित गर्ने ।

### ९.३ राजनीतिक दलहरूलाई सुझाव

- निर्वाचन हिंसालाई रोक्न एवम् अन्तरदलीय सम्वाद मार्फत हिंसात्मक गतिविधि न्यूनीकरण गरेर जवाफदेही राजनीतिक संस्कार विकास गर्न विवाद निरुपणको गर्ने निकायको रुपमा स्थापति उच्चस्तरीय राजनीतिक समितिको सुनिश्चितता गर्ने ।
- राजनीतिक दलहरुले आफ्ना युवा सङ्गठनहरुलाई कुनैपनि प्रकारको हिंसामा संलग्न नरहन स्पष्ट निर्देशन दिने । हिंसामा संलग्नलाई कारबाहीका लागि अन्तरदलीय संयन्त्र गठन गर्ने ।
- निर्वाचन अभियानको क्रममा सङ्घीयतासँग सम्बन्धित विषयका कुनै पनि हिंसा रोकथाम गर्न राजनीतिक दलहरु अत्यन्त सम्वेदनशील र सावधान हुनुपर्छ ।
- निर्वाचन प्रचारप्रसारको क्रममा राजनीतिक दलले आपराधिक समूहको प्रयोग गरेर मतदातालाई दबाब दिने तथा धम्क्याउने जस्ता कार्य बन्द गर्नुपर्छ ।
- राजनीतिक दलहरु पारदर्शी हुनुपर्छ । उनीहरुले निर्वाचनको क्रममा सम्बन्धित निर्वाचन प्रणाली अन्तर्गत सङ्कलन गरेको निर्वाचन खर्चको श्रोत र खर्चको विवरण उल्लेख गर्नुपर्छ ।

### ९.४ सुरक्षा निकायका लागि सुझाव

- सबै सुरक्षा निकायले सरकारको ‘एकीकृत निर्वाचन सुरक्षा योजना’ अनुसार आफ्नो निर्वाचन सुरक्षा रणनीति तयार पार्नु पर्छ ।
- ७५ जिल्लाबाट सुरक्षासँग सम्बन्धित सूचना सङ्कलन र पहिचान गरेर समयमै सरकारलाई नीतिगत सल्लाह दिने ।
- म्यादी प्रहरी भर्नामा पारदर्शी र तटस्थ हुने र मतपत्र ओसारपसार गर्दा वा निर्वाचन अघिपछिको अवस्थामा सुरक्षा कायम गर्न विशेष तालिमको व्यवस्था गर्ने ।

- सबै सुरक्षा निकायका लागि उपयुक्त तालिम सामग्री तयार गर्ने । तालिम सामग्रीले मुख्य गरेर निर्वाचन प्रक्रिया, मानव अधिकार र निर्वाचन, निर्वाचन कानुनको उल्लङ्घन, तटस्थ व्यवहार जस्ता विषयलाई समेट्नु उपयुक्त हुन्छ ।
- राष्ट्रिय, क्षेत्रीय र जिल्ला तहको निर्वाचन सुरक्षामा संलग्न सबै सरोकारवालाहरुको बीचमा एकीकृत सहयोगको सुनिश्चितता गर्न उपयुक्त समन्वय संयन्त्र गठन गर्ने ।
- सबै निर्वाचन क्षेत्रमा रहेका उम्मेद्वारका लागि पर्याप्त सुरक्षा उपलब्ध गराउने । तराई र पूर्वी नेपाललाई केन्द्रित गरेर उम्मेद्वार र मतदाताको सुरक्षाका लागि विशेष सुरक्षा योजना आवश्यक छ ।
- सबै मतपेटिका सुरक्षित रुपमा आइपुग्ने र जिल्ला सदरमुकाममा रहेका मतगणना स्थलहरु सुरक्षित रहने सुनिश्चितता गर्ने ।
- नेपाली सेना सहित सबै सुरक्षा निकायको बीचमा समन्वय संयन्त्र गठन गरेर संस्थागत गर्न आवश्यक छ ।
- निर्वाचनअघि प्रत्येक निर्वाचन क्षेत्रको सुरक्षा स्थितिको विश्लेषण गरेर सोही आधारमा सुरक्षाकर्मीको सङ्ख्या बढाउने वा घटाउने ।
- निर्वाचन सुरक्षाका विषयसँग सम्बन्धित विषयको व्यवस्थापन गर्दा नागरिक सर्वोच्चतालाई आत्मसात् गर्दै सम्मान गर्ने ।

नेपाल नीति अध्ययन प्रतिष्ठान (NIPS) २०६५ मा स्थापित एक अनुसन्धानमूलक प्राज्ञिक संस्था हो । यस संस्थाले - सुरक्षा, अन्तर्राष्ट्रिय सम्बन्ध र लोकतन्त्र गरी तीन क्षेत्रहरुमा आफ्नो अध्ययन केन्द्रित गर्दछ । र, अनुसन्धान, अनुसन्धानमूलक अन्तरक्रिया कार्यक्रम र अनुसन्धानबाट प्राप्त भएका तथ्याङ्कहरु सन्दर्भ सामग्रीका रुपमा प्रकाशन गर्दछ । यस संस्थाले अनुसन्धानका विषयहरुमा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मुद्दाहरुलाई सार्वजनिक नीतिसँग जोडेर तुलनात्मक अध्ययन गर्दछ । साथै, आफ्ना अध्ययन र अनुसन्धानबाट हाँसिल गरेका उपलब्धिहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम, सेमिनार र कार्यशाला गोष्ठी; पुस्तक तथा नीति पत्र प्रकाशन जस्ता विभिन्न माध्यमहरुमार्फत प्रवाह गर्दछ । NIPS ले २०६६ मा *बदलिंदो परिवेशमा नेपालका सुरक्षा अवधारणाहरु,* २०६८ मा *नेपालको सुरक्षामा नयाँ चुनौती* र २०७० मा *नेपालमा मानव सुरक्षा : अवधारणा, बहस र चुनौतीहरु* नामक तीन पुस्तक र हालसम्म आठ वटा नीति पत्र प्रकाशन गरिसकेको छ ।

**नेपाल नीति अध्ययन प्रतिष्ठान**
(Nepal Institute for Policy Studies-NIPS)
९० महादेवस्थान मार्ग, बानेश्वर, का.म.न.पा.-१०
पो.ब.नं.-१४३५२, काठमाडौं, नेपाल
टेलिफोन: ०९७७-१-४४८२५३०
फ्याक्स: ०९७७-१-४४६२८११
इमेल: nips@nipsnepal.org
www.nipsnepal.org

यस नीति पत्रमा प्रकाशित सामग्री जर्नल, समाचार पत्र, म्यागेजिनमा पुनर्मुद्रण गर्न सकिनेछ । तर यसरी प्रकाशित भएका सामग्रीहरुको एक प्रति निप्स कार्यालयमा उपलब्ध गराईदिनु हुन अनुरोध गरिन्छ ।
यसैगरी आदरणीय पाठक तथा विद्वतवर्गहरुलाई निप्सद्वारा प्रकाशित यस नीति पत्रका बारेमा यहाँहरुको टिप्पणी एवम् अमूल्य सुझावकालागि अनुरोध गरिन्छ ।